निर्णय संख्या - ४६

आज मिति २०७७।०२।१९ गते सोमबार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष

२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष

३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य

४ श्री कृष्ण कुमार कार्की – सदस्य

५ श्री ज्ञान वहादुर तामाङ – सदस्य

६ श्री लोक बहादुर कुँवर – सदस्य

७ श्री अञ्चल कुमार लामा – सदस्य

८ श्री भरत बहादुर शिवभक्ती – सदस्य

९ श्री रमेश राज खरेल – सदस्य

१० श्री मोतिलाल तामाङ – सदस्य

११ श्री दल बहादुर तामाङ – सदस्य

१२ श्री चित्र बहादुर ~~तामाङ~~ लामा – सदस्य

१३ श्री माया तामाङ – सदस्य

१४ श्री सानुमाया पहरी – सदस्य

१५ श्री उर्मिला वि. क. बराइली – सदस्य

१६ श्री सावित्रा अछामी – सदस्य

१७ श्री बालकृष्ण पहरी – सदस्य

१८ श्री शंकर नेपाली – सदस्य

१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

प्रस्तावहरुः

१ विदेशबाट आउने व्यक्तिहरुको क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।।

२ स्वास्थ्य सहायता कक्ष सम्बन्धमा ।

३ कन्टीजेन्सी खर्च सम्बन्धी कार्यविधि सम्बन्धमा ।

४ चालु आ.व. का योजना संचालन तथा भुक्तानी सम्बन्धमा ।

५ आगामी आ व को निति कार्यक्रम तथा बजेट प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

६ अपाङ्गता भएका व्यक्तिहरुलाई व्यक्तिगत सरसफाई सामग्री वितरण गर्ने सम्बन्धमा ।

७ आर्थिक सहायता सम्बन्धमा

८ जनप्रतिनिधि पदाधिकारीको सुविधा सम्बन्धमा ।

९ कोभिड रोकथाम नियन्त्रण र उपचारमा खटिएका कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि सम्बन्धमा ।

१० कार्यक्रमको शीर्षक परिवर्तन सम्बन्धमा ।

११ गाउँसभाको मिति तोक्ने सम्बन्धमा ।

१२ भेरियसन अर्डर सम्बन्धमा

निर्णयहरुः

१ भुम्लु गाउँपालिकामा स्थायी बसोबास भएका विदेशबाट वा देशभित्रका संक्रमित क्षेत्रबाट गाउँपालिकामा आउने सम्भावित व्यक्तिहरुबाट गाउँपालिकामा बसिरहेका आम नागरिकमा कोरोनाको संक्रमणलाई फैलिन नदिन सबै वडा कार्यालयहरुले त्यस्ता संभावित व्यक्तिहरुको परिवारसँग निरन्तर सम्पर्कमा रही विवरण अध्यावधिक गर्ने तथा आउने व्यक्तिहरुको क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा सम्बन्धित व्यक्तिको घर वा गाउँपालिकाले निर्माण गरेको क्वारेन्टाइन वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन गर्न सबै वडा कार्यालयहरु मार्फत आवश्यक तयारी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

२ यस गाउँपालिकाको वडा नं १० दोलालघाटमा संचालन गरिएको स्वास्थ्य सहायता कक्ष २०७७।०२।२० गतेबाट संचालन नगर्ने निर्णय गरियो ।

३ भुम्लु गाउंपालिका कन्टीजेन्सी खर्च सम्बन्धी कार्यविधि ,२०७७ स्विकृत गर्ने निर्णय गरियो ।

४ चालु आ.व.मा यस गाउँपालिका अन्तर्गत संचालित योजनाहरुको कार्य २०७७ जेठ मसान्त सम्म सम्पन्न गरी अन्तिम भुक्तानीको लागि २०७७।०३।७ सम्म समयावधि तोक्ने निर्णय गरियो ।

५ यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा विषयगत शाखाहरुले आगामी आर्थिक वर्षको निति, कार्यक्रम तथा बजेट निर्माणका लागि निति कार्यक्रमको प्रस्ताव यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा २०७७।०३।०७ गते भित्र पेश गर्ने निर्णय गरियो ।

६ यस गाउँपालिकामा प्रचलित कानून बमोजिम अपाङ्गता परिचयपत्र पाएका व्यक्तिहरुलाई रिमरेक नेपाल तथा गाउँपालिकाको संयुक्त लगानीमा व्यक्तिगत सरसफाई सामग्री वितरण गर्ने निर्णय गरियो ।

७ यस गाउँपालिकाको वडा नं १० स्थायी ठेगाना भएका श्री राममाया तामाङ लाई बोन म्यारो क्यान्सर रोगको उपचारको लागि रु ३०,००० आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

८ बागमती प्रदेश, प्रदेश सभाद्वारा स्विकृत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन(पहिलो संसोधन),ऐन २०७६ बमोजिम यस गाउँपालिकाका जनप्रतिनिधि पदाधिकारीहरुले प्रास गर्ने सुविधा वापतको रकम मध्ये मासिक रुपमा भुक्तानी हुने हालसम्मको बाँकी अवधिको रकम एकमुष्ठ भुक्तानी दिने निर्णय गरियो ।

९ भुम्लु गाउँपालिका कोभिड रोकथाम नियन्त्रण र उपचारमा खटिएका कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७७ स्विकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

१० यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत तपशिल बमोजिमका कार्यक्रमको शीर्षक परिवर्तन तथा रकमान्तर गरी सो स्विकृतिको लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

| क्र. सं | बजेट किताव सिं नं | हालको शीर्षक | हालको रकम | संसोधित शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४९८ | लैंगिक हिंसामा न्यायिक समितिको भुमिका सामाजिक न्यायमा सबैको पहुँच कार्यशाला" | ३,००,०००/- | "न्यायिक समितिको इजलाश व्यवस्थापन" | ३,००,०००/- | |
| २ | ४५९ | घुम्ती तालिम | २,५०,०००/- | ७५ प्रतिशत अनुदामा एभोकाडो विरुवा वितरण | ४,७५,०००/- | शीर्षक नं ४६१बाट रु २,२५,०००/- थप गरीएको |
| ३ | ४६१ | तरकारी खेति तालिम | ९,००,०००/- | तरकारी खेति तालिम | ६,७५,०००/- | शीर्षक नं ४५९ मा रु २,२५,०००/- थप गरीएको |
| ४ | १२/१८५ | पातलपाखा कमेरेबाटो | योजनामा खर्च भई बाँकी रकम | चौवास धारापानी चापानी मोटरबाटो मर्मत(सडक वोर्ड संग लागत साझेंदारीमा संचालित योजना) | १,००,०००/- | |

११ यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७।७८ को लागि निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने गाउँ सभाको बैठक मिति २०७७।०३।१० गतेको लागि तोक्ने निर्णय गरियो ।

१२ यस गाउँपालिका तथा निर्माण व्यवसायीहरु विच भएको सम्झौता अनुसार तोकिएको भन्दा थप कार्य गर्नुपर्ने आवश्यकता देखिएकोले ठेक्का

Scanned with CamScanner

सम्झौता हुँदा तोकिएकै दररेटमा थप कार्य गर्ने गरी तपशिल बमोजिमका निर्माण व्यवसायीहरुलाई भेरियसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्झौता रकम (रु) | थप कार्यको लागत अनुमान (रु) | कुल रकम (रु ) | भेरियसन प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | हवेली सापिङ चौवास सिम्थली बेखसिम्ले सडक मर्मत कार्य | फ्रेन्डस इन्भेष्टमेन्ट एण्ड कन्सट्रक्सन प्रा लि | २०७७।०१।१८ | ३०७४४९०।३१ | १७४२६५२।१३ | ४८१७१४१।४४ | ५६।६८ |
| २ | बिसमुरे फाँट सिंचाइ कुलो मर्मत कार्य | मण्डन निर्माण सेवा | २०७७।०१।२८ | ३१७१२६९।१६ | १६६५६८५।५७ | ४८३६९५३।७३ | ५२।५२ |
| ३ | वडा नं १ को कार्यालय भवन निर्माण सापिङ | रायन कन्सट्रक्सन प्रा लि | २०७६।०८।२२ | ६१७४०७९।२८ | ११४९४३०।३९ | ७३२३५०९।६८ | १८।६२ |

Scanned with CamScanner